# गौरीगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौरीगञ्ज, झापा
कोशी प्रदेश, नेपाल


पत्र संख्या(Ref. No): २०८३/०८४ (प्रशासन)
चलानी नं. (Dispatch No):_____________

मिति : २०८३/०५/०५

**विषय : कन्सुलर प्रमाणितको लागि अनलाइन आवेदन सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ५९ मिति २०८३/०४/२९ गतेको प्राप्त पत्रानुसार विदेश जाने नागरिकहरुको लागि नेपाल सरकार परराष्ट मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागबाट आवश्यक कागजातहरु प्रमाणीकरण हुँदै आएकोमा संवत् २०८३/०५/०१ (१७ अगष्ट २०२६) देखि उक्त विभागले Nepal e- Attestation System (NEATS) मार्फत सेवाग्राहीहरुले अनिवार्य अनलाइन आवेदन गरी प्रणालीमा अपलोड गरिएका कागजातहरुको आधारमा आवेदन स्वीकृत भएपछि तोकिएको राजश्व बुझाई आफ्नो अपोइन्टमेन्टको मिति र समयमा मात्र तोकिएका सक्कल कागजातहरुसहित प्रमाणीकरणका लागि विभागमा उपस्थित हुनुपर्ने व्यवस्था गरेको हुँदा सोहीबमोजिम गर्नु/गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कन्सुलर सेवा विभागबाट सो सम्बन्धी प्रकाशित सूचना यसैसाथ संलग्न रहेको व्यहोरासमेत अनुरोध छ ।

२०८३/५/५
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री कन्सुलर सेवा विभाग, त्रिपुरेश्वर, काठमाडौं ।

श्री सूचना प्रविधि अधिकृत, गौरीगञ्ज गाउँपालिका : उल्लिखित सूचना गौरीगञ्ज गाउँपालिकाको वेबसाइट र फेसबुक पेजमा अपलोड गर्नुहुन र सबै वडा कार्यालय एवं सम्बन्धित कार्यालयको इमेल ठेगानामा समेत पठाउनुहुन ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग

# कन्सुलर प्रमाणीकरणको अनलाइन आवेदन प्रणाली (NEATS) सञ्चालन सम्बन्धी सूचना

कन्सुलर सेवा विभागबाट प्रदान गर्दै आएको कागजात प्रमाणीकरण (Consular Attestation) सेवाका लागि आज मिति २७ साउन २०८३ (१२ अगस्ट २०२६) देखि Nepal e-Attestation System (NEATS) मार्फत अनलाइन आवेदन गर्न सकिने व्यवस्था गरिएको छ।

कागजात प्रमाणीकरणका लागि १ भदौ २०८३ (१७ अगस्ट २०२६) देखि सेवाग्राहीले अनिवार्य रुपमा NEATS प्रणालीमार्फत अनलाइन आवेदन गरी प्रणालीमा अपलोड गरिएका कागजात सहित आवेदन स्वीकृत (Approved) भएपछि मात्र तोकिएको राजस्व बुझाई आफ्नो अपोइन्टमेन्टको मिति र समयमा सक्कल कागजातसहित प्रमाणीकरणका लागि विभागमा उपस्थित हुनुपर्नेछ।

**अनलाइन आवेदन तथा अपोइन्टमेन्टका लागि:**

**https://doc.nepalconsular.gov.np/**

कन्सुलर सेवा विभाग
त्रिपुरेश्वर, काठमाडौं।
२०८३/०४/२७